# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
## बोलपत्र आव्हानको सूचना
(सूचना प्रकाशित मिति २०७७/.........)

(सूचना नं.८.../०७७/७८)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ चेकइन एरियाको उत्तरतर्फको विद्युतीय भऱ्याङ्गमुनि ५ वर्गमीटर क्षेत्रफलमा हवाई यात्रुहरुको तौल बढी भएका सामानहरु Currier गरी सम्बन्धित व्यक्ति वा व्यक्तिको ठेगानामा पुऱ्याइदिने व्यवस्थाका लागि Currier Counter सञ्चालन गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट Currier व्यवसाय सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने इजाजत प्राप्त गरी नेपाल नागरिक उड्डयन प्राधिकरण वायुयानहरुको भूमिस्थ प्रवन्ध (Ground Handling) तथा अन्य भूमिस्थ प्रवन्ध सेवा सञ्चालन निर्देशिका, २०७२ बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा कुरियर सम्वन्धी कारोवार गर्ने अनुमति प्राप्त गरेको इच्छुक कुरियर कम्पनीहरुले निम्न शर्तको अधीनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैंक, गौचर शाखामा रहेको यस कार्यालयको हि. नं. १६९०००००११०६ मा मूल्य अभिबृद्धि कर समेत रु. ३३९/- (तीन सय उनान्चालीस रुपैंया मात्र) दाखिला (पछि फिर्ता नहुने) गरी सोको सक्कल भौचर यस कार्यालयको राजस्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्रसाथ रजिष्टर्ड संस्था/फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजतपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाल नागरिक उड्डयन प्राधिकरण वायुयानहरुको भूमिस्थ प्रवन्ध (Ground Handling) तथा अन्य भूमिस्थ सेवा सञ्चालन निर्देशिका, २०७२ बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा Currier सम्बन्धी कारोवार गर्न अनुमति प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, यस कार्यालयसँग कुनै मुद्दामामिला नरहेको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्र पेश गर्नुपर्नेछ।

३. ठेक्का अवधि सम्झौताको मितिले ३ वर्षको हुनेछ। ३ वर्ष अवधिको न्यूनतम ठेक अंक रु. ३,६०,०००।-(तीन लाख साठी हजार रुपैयाँ मात्र) कायम गरिएको छ। साथै दोस्रो वर्षदेखि विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६ को उपनियम (६) अनुसार सम्झौतामा तोकिएको रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वत: बृद्धि हुनेछ र सोही बमोजिम बोलपत्रदाताले थप भएको समेत बहाल रकम बुझाउनुपर्नेछ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका संस्था/फर्म वा कम्पनी र सो संस्था, फर्म वा कम्पनीको व्यक्ति हिस्सेदार भएको संस्था, फर्म वा कम्पनीले सो बक्यौता फछ्यौंट गरेको कागजात पत्र बोलपत्र फाराम खरिद गर्नुपूर्व पेश गर्नुपर्नेछ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम रा.वा.बैंक, गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं. १६९००००००१००६ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तीमा १८० दिन (६ महिना) मान्य अवधि भएको बैङ्क ग्यारेन्टी (*Bid Bond*) पेश गर्नुपर्नेछ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु १६ (सोह्र) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारीपत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खरिद तथा दाखिला गरिनेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षरमा उल्लेख गरिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ। केरमेट वा प्रष्टसँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिइनेछैन।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ।

१३. यसमा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०६७ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।
१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।